

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १३ गते शुक्रबार ❑ 29 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## ५ लाख पर्यटक भित्राउने लक्ष्य सहित पोखरा सुरु भयो सडक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

पोखरामा ५ लाख पर्यटक भित्राउने लक्ष्य सहित बिहीबारदेखि २५ औं पोखरा सडक महोत्सव सुरु भएको छ ।

पुष १६ गतेसम्म चल्ने उक्त महोत्सवको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले समुद्घाटन गर्दै एक महिना भित्र पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषण गर्ने दाबी गरे । प्रमुख आचार्यले सडक महोत्सवले पोखराको थप पहिचान दिन मद्दत मिलेको बताए । उनले हाल स्थगित प्याराग्लाइडिङ तत्काल खुलाउन सम्बन्धित निकायलाई आग्रह गरे ।



आयोजक रेवान पोखराले अहिलेको महोत्सवलाई फेवाताल किनार लेकसाइडमा पुस १२ देखि १६ सम्म विविध कार्यक्रम गरी रजत महोत्सवको रुपमा मनाउँदैछ । महोत्सव उद्घाटनपूर्व विभिन्न कला संस्कृति, जातजाति, भेषभूषा झल्किने झाँकी प्रस्तुति मुख्य आकर्षणको केन्द्र रह्यो । हल्लनचोकदेखि सुरु भएको र्‍याालीमा विभिन्न जातजातिका मानिसहरु आफ्नो जातीय पोशाकमा सजिएका थिए । पञ्चेबाजा, भजन, नाचगानसहित र्‍याली महोत्सवस्थल ३ किमी दुरी पार गर्दै कोमागाने पार्कमा आयोजित उद्घाटन समारोहमा परिणत भएको हो । महोत्सव फिस्टेलगेटदेखि गैह्राको चौतारा हुँदै जरेश्वर लेकसाइडसम्म हुनेछ ।

गोर्खा ब्रुअरी महोत्सवको मुख्य प्रायोजक रहेको महोत्सवमा दैनिकरुपमा विभिन्न कलाकारको प्रस्तुति समेत रहनेछ । 'सडकमै खाऔं, सडकमै नाचौं, सडकमै रमाऔं' नाराका साथ आयोजित २५ औं सडक महोत्सव अवसरमा विभिन्न क्षेत्रमा योगदान दिएका यस क्षेत्रका व्यक्तिहरुलाई सम्मान गरिएको रेवान पोखरा अध्यक्ष नरेश भट्टराईले जानकारी दिए । जसमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति संस्कृतिविज्ञ जगमान गुरुङ, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति साहित्यकार सरुभक्त, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं वरिष्ठ लोकगायिका हरिदेवी कोइराला, संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, कार्टुनिष्ट दुर्गा बराल बात्स्यायन, बिम्ब कवि रमेश श्रेष्ठ, कलाकार प्रकाश घिमिरे, कलाकार अमृत गुरुङ, शिक्षासेवी जर्ज जोन, प्राडा कुशुमाकर न्यौपाने, भूगोलविद् प्राडा कृष्ण केसी, प्रेस स्वतन्त्रता सेनानी केशवराज पराजुली, पर्यटनविद् झलक थापा, पत्रकार कृष्णमणि बराल सम्मानित भए ।

रेवन पोखराका संस्थापक अध्यक्ष हरिप्रसाद गुरुङले युरोपका विभिन्न गल्लीमा यस्तैखालका मेला र महोत्सव हुने गरेकोमा पोखरामा सडक महोत्सवको अवधारणा अगाडि बढाएको स्मरण गरे । कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले गुणस्तरीय पर्यटक भित्राउन जोड दिए । रेवानका केन्द्रका कावा अध्यक्ष संघर्ष बिस्टले साहसिक खेलकुदको गन्तव्य पोखरामा प्याराग्लाइडिङ बन्द हुनेले थप समस्या भएको चिन्ता व्यक्त गरे ।

कार्यक्रममा सम्मानित व्यक्तित्व जगमान गुरुङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्य लगायतले बोलेका थिए ।

यसैबिच, महोत्सवमा सहभागि झाँकीहरु मध्यबाट पुन समाज पोखरा प्रथम भएको छ । समाजले नगद पचास हजार प्राप्त गर्यो । त्यसै गरी चिउली पार्चे तमु समूह दोश्रो हुदा रूकुम पूर्वको मयूर डान्सको समुह तेश्रो भएको छ भने देविस्थान भजन समूह हेमजा र बाम्दीको गुम्बाको समुहले शान्त्वना स्थान हासिल गरेको छ । त्यसै गरी आमा समुहहरु बिचको र्‍याली प्रतियोगितामा बंगलादी आमा समुह प्रथम भएको छ । त्यस्तै अन्नपूर्ण आमा समुह दोश्रो र नमुना आमा समुह तेश्रो भएको महोत्सवका साँस्कृतिक संयोजक एवं पूर्व अध्यक्ष चौबहादुर गुरूङले बताए । सुरू देखि अन्त्यसम्म सहभागि, भेषभुषा, सिँगार लगायतका आधारमा विजेता घोषणा गरिएको निर्णायक संयोजक प्रजापती पराजुलीले बताए । उहाँका अनुसार ५४ समुहको झाँकी सहित र्‍यालीमा सहभागिता रहेको थियो ।

## बोलीले होइन कामबाट नतिजा खोजौँ : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
वालिङ, १२ पुस

कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले नेतृत्वको बोलीबाट नभई नागरिकले कामबाट परिवर्तन खोजेको बताउनुभएको छ ।

स्याङ्जाको चापाकोट नगरपालिकाले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरको बिहीबार बिहान चापाकोट-६ मोहमीस्थित साँखर स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, "बोलीबाट नभई नागरिकलाई कामबाट नतिजा दिनुपर्छ", उहाँले भन्नुभयो, "नेतृत्वको परीक्षण कामको मूल्याङ्कनबाट गर्ने भएकाले परिणाम आउने गरी काममा ध्यान दिनु जरुरी छ ।" छोटो सम्बोधन गर्नुभएका मन्त्री गुरुङले स्थानीय सरकारका रुपमा चापाकोट नगरपालिकाले गाउँ-गाउँका नागरिकलाई लक्षित गरी वडा-वडामा विशेषज्ञसहितको स्वास्थ्य सेवाको पहुँच पुर्‍याएर नागरिकको स्वास्थ्यप्रति सचेत रहेको बताउनुभयो । स्याङ्जाको चापाकोट नगरपालिकाले प्रत्येक वडामा पुगेर नागरिकको स्वास्थ्य परीक्षण गर्न सुरु गरिएको छ । नगरवासीलाई आफ्नै ठाउँमा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने मुख्य उद्देश्यसहित आजबाट निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको नगरप्रमुख देवबहादुरखाणलेबताउनुभयो।वडा नं ६ को साँखर स्वास्थ्य चौकीबाट सुरु भएको स्वास्थ्य शिविर पुस २७ गते वडा नं ९ को चापाकोट अस्पतालमा आएर सकिने छ ।

वडामा रहेका स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्रबाट चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोलीले सेवा दिने भएको हो । शिविरमा विशेषगरी निःशुल्क स्वास्थ्य जाँच, भिडियो एक्सरे, इसिजी, परिवार नियोजन, आँखा परीक्षण, दन्त परीक्षण, प्रयोगशाला र पाठेघरको मुखको क्यान्सर परीक्षण गरिने भएको हो ।

## राष्ट्रियसभा निर्वाचनका लागि पुस २३ गते उम्मेदवारको मनोनयन तयारी

**रासस**
काठमाडौं, १२ पुस

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ताका लागि निर्वाचन आयोगले आवश्यक तयारी गरेको छ ।

आयोगबाट स्वीकृत निर्वाचन कार्यतालिकाबमोजिम मनोनयनपत्र दर्ताका लागि उम्मेदवारले संलग्न गराउनुपर्ने कागजातबारे आयोगले स्पष्ट गरेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालका अनुसार उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा, रु १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पेस गर्नुपर्ने छ । महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ । आर्थिकरूपमा विपन्न भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको सिफारिसपत्र संलग्न हुनुपर्नेछ । मनोनयनका लागि दलको उम्मेदवारको हकमा उम्मेदवार मनोनयनको औपचारिक पत्र, दलित समूहबाट उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा, अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट उम्मेदवारी दिने व्यक्तिले नेपाल सरकारको अधिकारप्राप्त निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसङ्ख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा संलग्न हुनुपर्नेछ । यस्तै प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेशसभाका सदस्य वा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचकमण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण, मतदाता नम्बर, घर सङ्ख्या, घर रहेको स्थान तथा जग्गाको विवरण खुलाइएको उम्मेदवारको सम्पत्ति विवरण, कुनै सङ्घीय कानुनले अयोग्य नभएको भनी गरेको स्वघोषणापत्र, निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने कुनै लाभको पदमा बहाल नरहेको भनी गरेको स्वघोषणापत्र, उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा, गत प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि पनि संलग्न गर्नुपर्ने आयोगले जनाएको छ ।

## मानवीय त्रुटिले विमान दुर्घटना भएको निष्कर्ष

**रासस**
काठमाडौं, १२ पुस

गत माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको एटीआर-७२ जहाज दुर्घटना मानवीय कारणले भएको निष्कर्ष निकाल्दै दुर्घटना जाँच आयोगले बिहीबार अन्तिम प्रतिवेदन सरकारलाई बुझाएको छ । पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले आठ महिना तीन दिन लगाएर तयार पारेको प्रतिवेदन आज संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको हो ।

"जहाज अवतरणको क्रममा ककपिटमा रहेका पाइलटले फ्लेप ९ँबिउ० लिभर तान्नुपर्ने थियो तर, कन्डिसन लिभर तानेको पाइयो । यसले गर्दा जहाजस्थिर हुनसकेन", जहाज दुर्घटनाको कारण बताउँदै आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले भन्नुभयो, "पाइलटका लागि नयाँ विमानस्थल थियो । धावनमार्ग वरिपरी टेरेन्ट पनि थियो । यो पनि दुर्घटनाको कारक थियो । उक्त दुर्घटनामा मानवीय पक्ष बढी जिम्मेवार देखिन्छ ।"

एटीआर-७२ हवाईजहाज दुर्घटनाको मुख्य कारण मानवीय कमजोरी देखिएको आयोगका अध्यक्ष नगेन्द्रप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पाइलटले फ्लेप लिभर (जहाजको स्पिडलाई स्लो गर्ने) तान्नुपर्नेमा दुर्भाग्यवस 'कन्डिसन लिभर' तानेको देखिन्छ । जसले गर्दा जहाज 'फिदर कन्डिसन' मा गएपछि अगाडिको 'मोसन' जहाजले नपाएकाले दुर्घनाग्रस्त हुन पुगेको हो । दुर्घटनाको विश्लेषण गर्दा मानवीय त्रुटी बढी देखियो ।" अध्यक्ष घिमिरेका अनुसार जहाज दुर्घटनाको अर्को कारणमा नयाँ विमानस्थल पूर्ण तयारी नभइकन सञ्चालनमा ल्याइनु पनि हो ।

प्रतिवेदन ग्रहण गर्दै मन्त्री किरातीले प्रतिवेदनमा दिइएका सुझावका विषयमा सञ्चालक, नियामक निकाय र मन्त्रालय तिनै पक्षले कडाइका साथ कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने विश्वास व्यक्त गर्नुभयो ।

आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठ बुँदे सुझाव दिएको छ । विमान दुर्घटना भएकै दिन सरकारले पूर्वसचिव घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा हवाई विज्ञ नेपाली सेनाका अवकाशप्राप्त क्याप्टेन दीपकप्रकाश बाँस्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा, जहाज मर्मतसम्भार विषयका इञ्जिनियर एकराजजङ्ग थापा र आयोगको सदस्य सचिवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्थ्यो । सहसचिव लामिछानेले अहिलेसम्मकै बढी समय लगाएर दुर्घटनाग्रस्त जहाजबारे विस्तृत अध्ययन अनुसन्धान गरिएको दाबी गर्नुभयो । विभिन्न मुलुकका यात्रु पनि दुर्घटनामा परेकाले अन्य मुलुकको चासो रहेको थियो । जहाजको उपकरण फ्रान्सको सुविधासम्पन्न ल्याबमा परीक्षण गरिएको थियो । दुर्घटना जाँचका सम्बन्धमा सिङ्गापुरमा विज्ञसँग पनि छलफल गरिएको थियो । जहाज प्राविधिक कारणले नभई मानवीय (पाइलट) को त्रुटिका कारण दुर्घटनामा परेको अयोगले निष्कर्ष निकाल्दै जहाजले जम्मा २८ हजार सात सय ३१ घण्टा ३३ मिनेट (दुर्घटनाको समयसम्म) मात्र उडान भरेको पाइएको जनाएको छ ।

एटीआर फ्रान्सः एभियसन डी ट्रान्सपोर्ट रिजिनल तथा इटालियनः एयरी डी ट्रान्सपोर्ट रिजिनलले उत्पादन गरेको उक्त जहाज ३० हजार एक सय चार साइकल उडेको आयोगको प्रतिवेदनमा उल्लेख गरेको छ । जहाजको नियमित चेकजाँच, सर्भिसिङको समय सन् २०२३ अप्रिल २४ सम्म रहेकामा समयअगावै प्राविधिक समस्या नरहेको जनाउँदै १४ जनवरी, २०२३ मा जहाज दुर्घटनामा परेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

जहाज उडानका क्रममा दुवै इञ्जिनका प्रोपेलरहरु फेदरमा गएपछि तत्काल गतिशीलता दिन नसक्दा जहाज दुर्घटना परेको अध्ययन समितिको निष्कर्ष छ । प्रतिवेदनमा जनाइए अनुसार बिहानको १०:५१ बजे काठमाडौँबाट पोखराका लागि उडेको जहाज अवतरण गर्ने क्रममा पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको मौसम, भिजिविलिटी तथा प्राविधिक पक्ष राम्रो रहेको थियो । "भीएनपीआरमा टेक अफ, चढाइ, क्रूज र अवतरण सामान्य थियो । मौसम अनुकूल थियो । भीएमसी गन्तव्य एयरपोर्टको बाटोमा भीएनपीआर टावरसँगको पहिलो सम्पर्कको समयमा, एयर ट्राफिक कन्ट्रोलर(एटीसी) सँग विमान अवतरणका लागि अनुमति माग गरेकामा रनवे ३० को अनुमति प्रदान गरिएको थियो । तोकिएको धावनमार्गमा नभएर पाइलटले अकस्मात् रनवे परिवर्तन गरेर १२ को अनुमति माग गरेको पाइएको छ", प्रतिवेदनमा भनिएको छ ।

रनवे १२ अवतरणका लागि योग्य रहेको एटीसीले सन्देश पठाएको थियो । जहाज छ हजार पाँच सय फिटमाथिबाट एकैपटक सात सय २१ फिटमा झरेर फेरि माथि उठाउन खोज्दा इञ्जिनको गति स्थिर हुनपुगेपछि जहाज तल झर्नपुगेको देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त जहाज सेती नदीको खोँचमा खसेको थियो । जहाज भूईँमा बजारिएलगत्तै आगजनी हुँदा जहाजमा सवार ७२ यात्रुकै मृत्यु भएको प्रतिवेदनमा जनाइएको छ । दुघ्रटनाग्रस्ता जहाजमा चालक दलका चारसहित ७२ जना सवार थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोश्रो राष्ट्रिय तथा पोखरा मेयर कप ब्याडमिन्टन प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

दोश्रो राष्ट्रिय दोश्रो राष्ट्रिय खुल्ला तथा पोखरा मेयर कप ब्याडमिन्टन प्रतियोगिता बिहिबारबाट पोखरामा सुरु भएको छ।



कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजनामा सुरु भएको प्रतियोगितामा पहिलो दिन पुरुष सिंगल्सतर्फ एपिएफ क्लबका प्रदिप सोतीले देवीनगर क्लवका सुजल राज श्रेष्ठलाई २१-१४, २१-१०को सोझो सेटमा पराजित गरेका छन्। प्रतियोगिताका छैटौं वरियाताका एपिएफका देवराज रानाले सुन्सरीका गणेश बहादुर चम्लागाईलाई २१-१२ र २१-८ ले पराजित गर्दा पिएसविसीका विशान गुरुङले कास्कीका इशान खड्कालाई २१-१४ र २१-१५ ले पहिलो चरणको खेलमा पाखा लगाएका छन् । पुरुष सिंगल्सतर्फ नै एपिएफका अनिल मल्लले देवीनगरका बविश थापालाई २१-१९, १५-२१ र २१-१२ ले पराजित गर्दा पाँचौ बरियाताका नेपाल पुलिसका सुनिल जोशी वाक आउटका आधारमा विजेता बने । एपिएफकै प्रम्भ सिम्खडाले कास्कीका अविराज शेरचनलाई १९-२१, २१-१२ र २१-१२ को सेटमा पराजित गरे भने देवीनगरका हेमन्त आयरले पिएसविसीका विवेक सुवेदीलाई २१-५ र २१-८ ले, एपिएफकै क्षितिज खनालले त्रिभुवन आर्मी क्लवका पविन लिङथेपलाई २१-८, २१-० ले, कास्कीका विधान अधिकारीले एपिएफका सुजन थापालाई २१-१९ र २१-११ ले, एपिएफका रोशन साउदले पिएसविसीका नितेश गुरुङलाई २१-११ र २१-९ ले, नेपाल पुलिस क्लवका पूर्ण बहादुर थापाले महोत्तरीका इशान झालाई २१-१२ र २१-८ ले तथा एपिएफका अरुण अधिकारीले सुनसरीका संगम गिरीलाई २१-१६ र २१-१८ ले पराजित गरेका छन् ।

ब्याइज यू १७ तर्फ भएको खेलमा कास्कीका देवेन फगामी, साइमान कार्की, अमृत थापा, र सनिश भण्डारी आ-आफ्नो खेल जित्दै प्रिक्वाटरमा प्रवेश गरेका छन् । त्यस्ते पिएसविसीका बसन्त पौडेल, कैलालीका आदित्य चौधरी, सुनसरीका संगम गिरी, एपिएफका प्रम्भ सिंम्खडा, कन्चनपुरका उदय चन्द, लाफा समुहका मनोज फौदार, पिएसविसीका सुन्दर विक, क्नचनपुरमा रेनिश धामी, म्याग्दीका डियन थापा, पिएसविसीका कृष कार्की, कन्चनपुरका आशिष खत्री, म्याग्दीका दिवश पुन, सुन्सरीका ग्रिनेश घिमिरे र एपिएफका आरुष सिम्खडाले पहिलो चरणको खेल जितेका छन् । त्यस्तै यू १२ ब्याइज सिंगल्सतर्फ नेभोल एकेडेमीका दिनेश थापा, कन्चनपुरका उदय चन्द, कास्कीका सविन विक्रम पालिखे, चितवनका गाव्रियल लामा, नोवल एकेडेमीकै बाशुदेव जैशीले आ-आफ्नो खेल जितेको कास्की ब्याडमिन्टन संघले जनाएको छ । यस अघि प्रतियोगिताको उद्घाटन पोखरा महानगर पालिकाका मेयर धनराज आचार्यले उद्घाटन गरेका थिए। कास्की ब्याडमिन्टनले खेलकुद विकासका लागि गरेको कार्यको प्रशंसा गर्दै आगामी दिनमा यस प्रकारका प्रतियोगिताहरुमा महानगरको सहकार्य रहने उनले प्रतिवद्धता जनाए।

कास्की ब्याडमिन्टन संघका अध्यक्ष शुसिल श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले समेत आफ्ना भनाई राखेका थिए । प्रतियोगिता अन्तर्गत कुल १२ वटा विभिन्न इभेन्टमा ४८ क्लब तथा जिल्लाका गरी ३ सय भन्दा बढि महिला तथा पुरुष खेलाडीहरुको सहभागिता रहेको छ । पोखरा महानगर पालिकाको मुख्य प्रायोजनका सुरु भएको उक्त प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड पोखराले प्रवर्द्धन गरेको छ । प्रतियोगिता १४ गते सम्म सञ्चालन हुनेछ। बिजेतालो ट्रफी, नगद, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# छोम्रोङमा सेन्चुरी ल्होसार मेला सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



अन्नपूर्ण आधार शिविरको प्रस्थान विन्दु कास्कीको अन्नपूर्ण गाउँपालिका-११ स्थित छोम्रोङमा २२ औं सेन्चुरी ल्होसार मेला २०८० सुरू भएको छ।

सेन्चुरी युवा क्लबले आयोजना गरेको मेलाको गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले बिहीबार उद्घाटन गरे। मेला १५ पुससम्म चल्ने छ। मेलाको उद्घाटनपछि बोल्दै सांसद बरालले छोम्रोङमा अधुरो रहेको टेनिस कोर्ट निर्माण पुरा गर्ने प्रतिबद्धता जनाए।

अन्नपूर्ण आधार शिविर पदमार्गको स्तरोन्नति गर्न पनि प्रदेश सरकारसँग बजेटका लागि पहल गर्ने उनले बताए । अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरूङले केन्द्रीय विद्युतको पहुँच अन्नपूर्ण आधार शिविरसम्म पुऱ्याउन पहल भइरहेको जानकारी दिए । त्यसका लागि टेण्डर आव्हान् भएर कार्यान्वयनको अन्तिम चरणमा पुगेको उनले बताए । मेलामा क्लबस्तरीय पुरूष भलिबल र बास्केटबल प्रतियोगिता, ठेलो प्रतियोगिता, रस्साकस्सी र घैंटो फुटाउने प्रतियोगिता हुने आयोजकले जनाएको छ । पुरूष भलिबल प्रतियोगिताको विजेताले ५० हजार रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र, उपविजेताले ३० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने सेञ्चुरी युवा क्लबका अध्यक्ष मिकास गुरूङले जानकारी दिए । बास्केटबल प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः ३० हजार र २० हजार रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन् । भलिबलमा १२ र बास्केटबलमा १७ टिमबीच प्रतिस्पर्धा हुनेछ।

ठेलो हान्ने प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः १० हजार र ५ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पुरस्कार पाउने अध्यक्ष गुरूङले जानकारी दिए । मेलाको पहिलो दिन बिहीबार साँझ अन्नपूर्ण ब्याण्ड छोम्रोङमा गुञ्जियो। बाँकी दिन लोकदोहोरी कलाकार र आदिम कला मञ्चले आफ्नो प्रस्तुति राख्ने आयोजकले जनाएको छ।

# लेखनाथ महोत्सवको हालसम्म २ लाख ३० हजार दर्शकहरुद्धारा अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ विहिबारबाट लेखनाथमा शुरु भएको १९औं संस्करणको लेखनाथ महोत्सवको आठौं दिनसम्म २ लाख ३० हजार दर्शकहरुले अवलोकन गरेका छन।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन भएको महोत्सवमा हालसम्म झण्डै ८ करोडको कारोबार भएको छ। पहिलो दिन १ करोड, दोश्रो दिन ३० लाख, तेश्रो दिन १ करोड र चौंथो दिन ६० लाख र पाँचौ दिन सोमबार १ करोड भन्दा माथी छैंटौं ८० लाख, सातौं दिन ४० लाख र आठौं दिन ६० लाख गरी हालसम्म झण्डै ८ करोड बराबरको कारोबार भएको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन उप-समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए। बिहिबार लोकदोहोरी कलाकारहरु, प्रिति आले, तेजस रेग्मी, बालचन्द्र बराल, सरला पाण्डे, प्रेमराज अधिकारी, बालकृष्ण वाग्ले, ज्योती लोहनी लगायतले प्रस्तुती राखेका थिए भने बेलुका लाईभ कन्सर्टमा कमल खत्री, एञ्जिला रेग्मी र सृजना खत्री 'हाउडे माया' लगायतले स्टेज तताएका थिए। महोत्सवमा शुक्रबार लोकदोहोरी कलाकारहरु रामजी खाँण, आशा बिसी, तारा थापा, मनु राना, लोकनाथ सापकोटा, वसन्त लम्साल र नवराज अधिकारी लगायतले प्रस्तुती राख्नेछन भने हाँस्यव्यग्यतर्फ दिनेश काफ्लेको प्रस्तुती रहनेछ। यस्तै बेलुका लाईभ कन्सर्टमा आशिष राना 'लाउरे' र एलिना चौहान व्यण्डले स्टेज प्रस्तुती दिने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ। यस्तै महोत्सवमा मातृशक्तिको सम्मानमा आयोजित रत्यौली प्रतियोगिता, विद्यालयस्तरीय नृत्य प्रस्तुती लगायतका कार्यक्रमहरु पनि भएका छन । पुष १६ गते सम्म चल्ने महोत्सवका मुख्य आकर्षणहरुमा महोत्सवस्थलमा थ्रिडी आर्ट मार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, एलईडि डिस्प्ले मार्फत स्टेजबाट प्रायोजकहरुको प्रवर्द्धन, भिड र सुरक्षालाई मध्यनजर गर्दै दर्शकहरुका लागि ई-सेवाबाट टिकट काट्न सकिने गरि व्यवस्था मिलाईएको छ।

साथै राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट स्टेज सो, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन् भने जातजातिहरुको सांस्कृतिक जर्गेना कार्यक्रम लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरु रहनेछन।

# आदिवासी जनजातिलाई जलवायु परिवर्तनको चिन्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



पोखरामा जलवायु परिवर्तनबारे ३ दिने राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) को जलवायु परिवर्तन साझेदारी कार्यक्रम अन्तरगत आदिवासी जनजाति समुदायलाई लक्षित गर्दै राष्ट्रिय कार्यशाला बिहीबार सम्पन्न भएको हो । कार्यक्रमको समापन सत्रमा बोल्दै महासंघका महासचिव दिवश किरात राईले तीन दिनसम्म चलेको कार्यशाला अत्यन्तै महत्वपूर्ण भएको धारणा राखे । उनले पछिल्लो समय जलवायु परिवर्तनको विषयबारे विश्वव्यापी चर्चा भइरहेको बताउदै नेपालमा सबैभन्दा बढी आदिवासी जनजाति चनाखो हुनुपर्ने उल्लेख गरे । 'क्लाइमेट चेन्जको विषय अहिले हट केकको रुपमा विश्वभर चर्चा र चिन्ता व्यक्त भइरहेको छ, महासचिव राईले भने, 'यसको प्रभावबाट नेपालका आदिवासी जनजाति प्रत्यक्ष ग्रसित हुने देखिएको छ। त्यसैले सचेत हुन आवश्यक छ।'


हरितगृह ग्यासको वृद्धि भएसँगै जलवायु परिवर्तन भएको बताउदै विश्वभर चिन्ताको विषय बनेको बताए । 'यसको प्रभाव नेपालमा मात्रै होइन । अन्य मुलुकका पनि प्रभाव पर्ने भएकाले यसको न्यूनीकरण र अनुकुलनका लागि विभिन्न संस्थाले कार्यक्रम गर्दै आएको छ।' उनले जलवायु परिवर्तनको असर नेपालमा आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पर्ने बताउदै सचेत हुन आवश्यक रहेको बताए। महासचिव राईले जलवायु परिवर्तनका कारण संस्कृतिको विनाश हुने बताउदै नेपालका सम्पूर्ण आदिवासी जनजातिहरुको पहिचान मेटिन सक्ने धारणा राखेका थिए । ३ दिनसम्म सञ्चालन भएको कार्यशालामा जलवायु परिवर्तन रोक्नका लागि विभिन्न संघ संस्थाहरुको योजना र प्रयासबारे चर्चा गरिएको थियो।

उक्त कार्यशालामा जलवायु परिवर्तनको संकेत, कारण तथा असरहरु, यसको न्यूनीकरण र अनुकुलनहरुबारे छलफल भएको थियो । तालिममा नेफिन जलवायु पविर्तन साझदाी कार्यक्रमका निर्देशक टुंग राई, धनमान गुरुङ, छिरिङ वाङ्मो गुरुङ, रेड कार्यान्वयन केन्द्रका नवराज पुडासैनी, एइएसीका मुक्ति विक्रम क्षेत्री र आइयुसिएनका युवराज गुरागाँई लगायतले प्रशिक्षण दिएका थिए । गत १० गतेदेखि १२ गतेसम्म लेकसाइडस्थित होटल ल्याण्डमार्कमा सञ्चालित राष्ट्रिय कार्यशालामा देशभरबाट २० जना पुरुष र २० जना महिला गरी कुल ४० आदिवासी जनजातिको सहभागिता रहेको थियो।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# पोखराको मौलिक चिनारी सडक महोत्सव

पोखराको लेकसाइडको सडक महोत्सव छुट्टै पहिचान बनेको छ । सडकमा सांगीतिक र रेष्टुराँ राखेर परिकारको स्वाद लिन पाउने अवसर मिलाउन थालेको २५ वर्ष भएको छ । अंग्रेजी नयाँ वर्ष मनाउन नेपालीलाई पोखरा जाने र विदेशी पर्यटकहरुलाई समेत नयाँबर्षको रमाइलो मनाउन पाउँने मेला हो, पोखरा सडक महोत्सव । नेपालीहरुलाई पनि परिवार सहित घुमघाम गर्ने अवसर बनेको छ सडक महोत्सव । सडकमै रेष्टुराँको परिकारका साथै पर्यटकीय गतिविधि जानकारी गराउन सडक महोत्सव मनाउन थालिएको २५ औं वर्ष लागेको छ । रेष्टुरेष्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले बिहीबार सञ्चालन गरेको २५ औं संस्करणको सडक महोत्सव आइतबारसम्म चल्ने छ ।

अहिले पर्यटक आगमन बृद्धी भएको र अन्तर्राष्ट्रिय जगतमा पर्यटकीय खुलेपछि हरेक व्यक्तिहरुलाई नयाँ ठाउँ घुम्ने रमाइलो गर्ने इच्छा हुन्छ । सडक महोत्सवको रमाईलो गर्न पाइने आशामा मध्यमस्तरका नेपालीहरु पनि पोखरामा आउने गरेका छन् । महोत्सवको बेला पोखराका पर्यटकीय स्तरका होटलहरु आन्तरिक पर्यटकले पनि भरिभराउ हुने गरेको छ । पर्यटन व्यवसायीहरुको सक्रियतामा मनाउन थालिएको सडक महोत्सवलाई पोखराका विभिन्न जातजातिले सघाउदै आएका छन् । आफ्ना मौलिक भेषभूषा र परम्परा झल्कने झाकी प्रर्दशन गरेर विविधतामा एकता प्रर्दशन गर्ने अवसर बनेको छ । त्यसमा सवैले सहकार्य गर्ने वातावरण वन्दै जानु महोत्सवको सफलता हो । सडक महोत्सव पोखराको ब्राण्ड बन्न सकेको छ ।

चाडपर्वका अवसरमा रमाइलो गरी मनाउने नेपालीहरुको परम्परा बन्दै आएको छ । हरेक चाडपर्वलाई मेला/उत्सवको रुपमा मनाउने पोखेलीहरुले नमूना पेश गरेका छन् । मेलालाई नयाँ रुपमा मनाउने र पर्यटनसंग जोड्ने पोखेलीहरुको मौलिकता हो । मेलालाई महोत्सवको रुप दिएर त्यसमा विविधता दिनु परिस्कृत रुप हो । सबैलाई सामेल गराएर रमाइलो दिन सकेमा त्यसले निरन्तरता पाउँछ । मेला, महोत्सव सफल पार्न प्रायोजकले गर्ने सहयोग र दर्शकहरुको ओइरो लागेर पोखराकै चिनारी गराउन सकेको छ । मेला महोत्सव पर्यटन प्रबर्द्धन गर्न, मौलिक संस्कृतिको जगेर्ना र नयाँ संभावनाको खोजी गर्न सघाउ पुऱ्याउँछ । सडक महोत्सवको मुख्य आकर्षण साँझ र रातिको समयमा हुने भएको हुँदा सुरक्षा र यातायातको राम्रो प्रबन्ध हुनु पर्दछ ।

देश संघीय संरचनामा गएको हुँदा तीनै तहका सरकार मिलेर मात्र आफ्नो क्षेत्रको विकास हुन सक्छ । स्थानीय र प्रदेश सरकारले प्रदेश राजधानी पोखराको पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गर्नुपर्दछ । सरकार र निजी क्षेत्र मिलेर मात्र पोखराको पर्यटन विकास हुन सक्छ । पोखरा पर्यटकीय राजधानी घोषण गर्न केन्द्र सरकारलाई दबाब दिन गण्डकी प्रदेश सरकारले समिति बनाएको छ । सरकारले पर्यटन क्षेत्रका व्यवसायीहरुलाई उभिनसक्ने वातावरण बनाउनु पहिलो कर्तव्य हो । सरकार र निजी क्षेत्रले कस्ता गतिविधि सञ्चालन गर्दा पर्यटकलाई आकर्षित गर्न सकिन्छ भनेर संघीय सरकारसंग योजना पेश गर्नुपर्दछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुने व्यवस्था मिलाउनु पर्छ । पोखरा आउन सडकको दुरावस्था हटाउन समयमै काम सक्न निर्माण कम्पनीलाई दबाब दिनु जरुरी छ ।

पर्यटकको बसाई अवधि लम्ब्याउने र जीवनमा एक पटक पोखरा पुग्नैपर्ने रहेछ भन्ने सन्देश प्रबाह गर्ने काम पनि पोखेलीको हो । कस्तुरीलाई आफ्नै विना थाहा नपाएर भौतारिए झै स्थानीय र प्रदेशको अधिकार र महत्वलाई नबुझि केन्द्रीकृत शासन प्रणाली कै शैलीमा गतिविधि हुन थालेमा त्यसले केहि व्यक्तिलाई फाइदा पुऱ्याए पनि पोखरा र पोखरेलीले त्यसको फाइदा लिन सक्नेछैनन् । अग्रेजी नयाँ वर्षको अवसरमा भएको महोत्सवले पर्यटन क्षेत्रमा नयाँपन दिन प्रेरित गरोस शुभकामना ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# २० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिसमा पहिलो चरणका खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी २० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा पहिलो चरणका खेलहरु सम्पन्न भएका छन् । माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा जारी प्रतियोगितामा ओपन सिंगल्स पुरुषतर्फ निशान श्रेष्ठले ज्वेल राणालाई ६-३, ६-२ ले पराजित गरी क्वाटरफाइनलमा प्रवेश गर्दा, संरक्षक भुषण बज्रचार्यले प्रितम परियारलाई ६-०, ६-० को सोझो सेटमा पाखा लगाउँदै अन्तिम आठको यात्रा तय गरेका छन् ।

त्यस्तै आशिष खडकाले निशाद जोशीलाई ६-०, ६-० ले, ऋतिक रानाले सिद्धान्त डेकालाई ६-२, ६-१ ले पराजित गरी अन्तिम आठमा स्थान पक्क गरे । त्यसै गरी प्रतियोगिता अन्तर्गत बिहिबारबाट सुरु भएको महिला सिंगल्सतर्फ शुभाङ्गी शाहले प्रशंसा मोक्तानलाई १-६, ६-२ र ६-३ को सेटमा पराजित गर्दा माहिका राणाले क्याथ्रिन लामालाई वाक आउट दिएकी छन् । त्यस्तै श्रेया भट्टराई जेनी खड्कालाई २-६, ६-४ र ६-१ ले पाखा लगाएकी छन् । मेन्स ओपन डबल्सतर्फ प्रवण मानन्धर र राजविर प्रधानको जोडीले प्रदिप खड्का र नेहाल जङ्ग बहादुर थापाको जोडीलाई टाई ब्रेकरमा ७-५, ४-६ र १२-१० ले पराजित गर्दा, संरक्षक र सम्यक भुषण बज्रचार्यको जोडीले आर्यन गिरी र आरभ सम्राट हाडाको जोडीलाई ६-२, ६-३ को सोझो सेटमा पराजित गरेका छन् ।

अभिनन्सु ठाकुर र शिद्धान्त डेकाको जोडी आशिष खड्का र सौगात विकको जोडीलाई ७-६, ६-२ ले पराजित गर्दा ऋतिक राना र निशान श्रेष्ठको जोडीले गोविन्द नेपाली र युगेन शेर्पाको जोडीलाई ६-१, ६-० को सोझो सेटमा पराजित गरी अन्तिम आठमा स्थान पक्का गरेका छन् । त्यस्तै ३५ वर्ष माथी भएको सिंगल्समा सिमान्त गुरुङले छोम बहादुर शाहलाई ६-१, ६-१ को सेटमा पराजित गर्दा अनिल शाहीले कृष्ण देव उप्रेतीलाई ६-०, ६-१ ले, भिष्म गुरुङले अक्षय थापालाई ६-२, ६-२ ले र कमल भण्डारीले प्रकाशराज वाग्लेलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गरेका छन् । ४५ वर्ष माथी भेट्रान्स सिंगल्समा रोहित सुनुवारले विकाश गुरुङलाई संघर्षपूर्ण खेलमा टाइब्रेकरमा ६-०, ४-६ र ११-९ ले पराजित गर्दा, माधव भण्डारीले विष्णु चापागाई लाई ६-०, ६-० को सोझो सेटमा, प्रदिप शाहले मिन बहादुर पुनलाई ६-३, ६-३ ले, उत्तम बोगोटीले अमृत कार्कीलाई टाइब्रेकरमा ६-३, ३-६ र १०-६ ले पराजित गरे । त्यसै गरि गोपी बहादुर भट्टराईले तेज लीलाई ६-१, ७-५ ले, मछिन्द्र थापाले भिष्मराज पौडेललाई ६-४, ६-३ ले, छेवाङ लामाले केवी तामाङलाई ६-१, ६-३ ले, महेश श्रेष्ठले अशोक गुरुङलाई ६-१, ६-२ ले पराजित गरी क्वाटर फाइनलको यात्रा तय गरेका छन् । ४५ वर्ष माथी डबल्समा बिकास गुरुङ र शरण गुरुङको जोडीले कृष्णराज गुरुङ र सुवर्णलाई ६-२, ६-२ ले पराजित गरेका छन् ।

त्यसै गरी ५५ वर्ष माथी पुरुष सिंगल्समा विमल गुरुङले नवाङ लामालाई ६-१, ६-० ले, धरम लामिछानेले प्रदिप शाहलाई टाइ ब्रेकरमा ४-६, ६-४ र ११-९ ले संघर्षपूर्ण जित निकाले भने पञ्च बहादुर पुनले इब्राहिम मुस्लिमलाई ६-२, ६-२ ले, ठोङ्वाम तुलेश्वरले हिमाल शाहलाई ६-०, ६-३ ले जित निकाल्दा समिर मान शेरचनले ऋषीराम पञ्डितलाई वाक आउट दिएका छन् । त्यसै गरी राम रानाले हर्क बहादुर गुरुङलाई ६-१, ६-१ ले र जिवन घिमिरेले मोती घलेलाई ६-३, ६-० तथा डियोनम लामाले सुनिल गुरुङलाई ७-६, ७-६ ले हराउँदै क्वाटरफाइनलको यात्रा तय गरेका छन् । बिहिबार नै सम्पन्न ६५ वर्ष माथी सिंगल्समा विदुर विष्टले कर्म घलेलाई ४-२, ४-१ को सोझो सेटमा पराजित गर्दा मनोज शम्सेर जङ्ग बहादुर राणाले ध्रुव गुरुङलाई ४-१, ४-१ को सेटमा पराजित गरी फाइनलको यात्रा तय गरेका छन् । कास्की टेनिस संघका उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक नविन चालिसेका अनुसार प्रतियोगितामा महिला तर्फ १३ र पुरुषतर्फ २०३ जना गरि २१६ जनाको सहभागिता रहेको छ । प्रतियोगितामा भारत, यूके र बंगालादेशका खेलाडी समेतको सहभागिता रहेको छ ।

प्रतियोगिता अन्तर्गत मेन्स तथा उमेन्सका सिंगल्स र डबल्स तथा ३५, ४५, ५५, ६५ वर्ष माथी गरी विभिन्न उमेर सुमहमा १२ इभेन्टमा प्रतिस्पर्धा जारी रहेको छ । प्रतियोगितामा ओपन मेन्स तथा उमेन्स सिंगल्सतर्फका बिजेताले जनही नगद ८० हजार र उपविजेताले नगद ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की टेनिसले जनाएको छ । प्रतियोगितामा मेन्स तथा उमेन्स डबल्सतर्फ बिजेताले नगद ३० हजार, उपविजेताले १५ हजारसहित ट्रफी र सेमीफाइनालिष्टले नगद १० हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ३५ वर्ष माथी भेट्रान्स सिंगल्सतर्फको बिजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमीफाइनालिष्टले नगद १० हजार सहित पदक प्राप्त गर्ने र डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रफी संगै सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ४५ वर्ष भन्दा माथीको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले २० हजार र सेमीफाइनालिष्ट नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने छ । त्यस्तै सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार तथा सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगिता अन्तर्गत नै हुने ५५ वर्ष माथीको सिंगल्सतर्फको विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार, सेमीफाइनालिष्टले जनही नगद १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

त्यस्तै डबल्सतर्फको बिजेताले २० हजार, उपविजेताले नगद १० हजार र सेमीफाइनालिष्टले जनही नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ६५ वर्ष माथीको सिंगल्सतर्फ बिजेताले नगद १५ हजार, उपविजेताले नगद ७ हजार ५ सय तथा सेमीफाइनालिष्टले जनही नगद २ हजार ५ सयसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । "२० औं माछापुच्छे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८०" सम्पन्न गर्न करिव १९ लाख खर्च र २१ लाख आम्दानी हुने कास्की टेनिस संघका कोषाध्यक्ष अनुज बास्तोलाले बताए । प्रतियोगितामा पुरस्कार राशीमा मात्रै नगद करिव रु ८ लाख खर्च हुने उनको भनाई छ । उनले यो प्रतियोगिताबाट करिव २ लाख बचत हुने जानकारी दिए । टुर्नामिन्ट डाइरेक्टर राजन पौडेलका अनुसार प्रतियोगितामा नेपालका नं १ देखि ८ नं सम्मका र्‍याकिङ खेलाडीहरु मैदानमा छन् ।

# गाम्फा धुरी ओझेलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ पुस

पर्यटकीय सम्भावना बोकेको म्याग्दीको मङ्गला गाउँपालिका-४ र बाग्लुङको ताराखोला गाउँपालिका-३ को सिमानामा रहेको गाम्फा धुरी ओझेलमा परेको छ । हिमाल र पहाडी भूगोलका साथै सूर्योदयको अवलोकन गर्न उपयुक्त स्थान भए पनि पूर्वाधार र प्रचारप्रसारको कमीले गाम्फाधुरीमा पर्यटक भित्रन नसकेका हुन् ।

पूर्वी रुकुमको चुरेनदेखि गुर्जा, धवलागिरि, मानापाथी, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे हुँदै गोर्खामा रहेका मनास्लुसहितका २० भन्दाबढी हिमशृङ्खला अवलोकन गर्न सकिने गाम्फाधुरी सुनसान छ । म्याग्दी, बागलुङ, पर्वत र कास्की जिल्लाकासमेत अधिकांश ग्रामीण बस्ती देख्न सकिने गाम्फाधुरीमा स्वामी परमानन्द महाराजले तपस्या गर्नेक्रममा बनाएको कुटी, साधनास्थल र हवनकुण्डको भग्नावशेष देख्न सकिने मङ्गला गाउँपालिका-४ का वडा सदस्य होममाया पुनले बताउनुभयो ।

"व्यवस्थित पदमार्ग, खाने, बस्ने सुविधा, खानेपानी, विद्युत् सुविधाविहीन गाम्फाधुरीको सौन्दर्य र विशेषता स्थानीयस्तरमा सीमित हुँदा ओझेल परेको हो", उहाँले भन्नुभयो, "घना जङ्गलको बीचमा रहेको अग्लो पहाडको टुप्पो, गाम्फा धुरीको सौन्दर्यको वर्णन गरिसाध्य छैन ।" गाम्फाधुरीमा परापूर्वकालमा स्वर्गद्वारीबाट आउनुभएका १००८ स्वामी परमानन्द महाराजले तपस्या गर्नुभएको थियो । बस्तीदेखि टाढा रहेको गाम्फाधुरीमा तपस्वीले ढुङ्गा खोपेर पानी सङ्कलन गर्न बनाएको संरचना छ । तपोभूमि क्षेत्रका ऐतिहासिक संरचनाको दृश्यावलोकन र प्राकृतिक सुन्दरताले मोहित बनाउने बेनीका अमित विश्वकर्माले बताउनुभयो । "सूर्योदय र सूर्यास्तको सुन्दर दृश्यले मोहित बनायो", उहाँले भन्नुभयो, "यस क्षेत्रको जङ्गलमा विभिन्न प्रजातिका लालीगुराँस, वनस्पति, विभिन्न चराचुरुङ्गी र जनावर पनि अवलोकन गर्न पाइन्छ ।"

# पर्यटक आकर्षणको केन्द्र बन्यो पञ्चकोट

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ पुस

बागलुङ बजारको शिरमा सर्वसिद्धीधाम पञ्चकोट छ। समुद्री सतहबाट एक हजार सात सय ५० मिटरको उचाइमा रहेको पञ्चकोट एक दशक अगाडि भिरालो पहाड थियो । यहाँ पर्यटक भित्र्याउन धार्मिक संरचना निर्माण गर्ने योजना बनाउँदा कसैले पनि विश्वास गरेका थिएनन् ।

अहिले यो क्षेत्र गण्डकी प्रदेशकै उत्कृष्ट धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भएको छ । आँखैअगाडि देखिने हिमशृङ्खला, अग्ला पहाड र यहाँबाट देखिने अनगिन्ती मनमोहक दृश्यले आगन्तुकलाई आकर्षण गरिरहेको छ । मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलानयनाचार्यको परिकल्पनामा बनेको पञ्चकोटमा अहिले थुप्रै धार्मिक संरचना बनेका छन् । जसले बर्सेनि हजारौं आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने गरेको छ । विसं २०७२ मा तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गर्दा भिरैभिर रहेको पञ्चकोटमा अहिले सिस महल, गण्डकीमाताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत जर्दनौं धार्मिक संरचना बनिसकेका छन् । विभिन्न दाताको सहयोग, महायज्ञबाट सङ्कलन भएको रकम र सरकारबाट भएको करोडौंको लागनीले अहिले पञ्चकोट देशभर चर्चित छ । बागलुङ नगरपालिका-६ मा पर्ने पञ्चकोट बागलुङ बजारदेखि छ किलोमिटर उत्तरमा पर्छ । बजारबाट नजिक र सहजरूपमा पुग्न सकिने हुँदा दैनिक सयौँ पर्यटक यहाँ आउने गरेका छन् । बागलुङ बजारबाट २० मिनेट गाडीको यात्रामा पञ्चकोट पुग्न सकिन्छ । नजिकै बागलुङ कालिका र शालिग्राम सङ्ग्रहालय रहेको हुँदा यहाँ आउने पर्यटक पनि पञ्चकोटमा उक्लने गरेका छन् ।

पछिल्लो समय मुस्ताङको मुक्तिनाथ, म्याग्दीको गलेश्वरलगायत ठाउँमा पुग्ने धार्मिक पर्यटक यहाँ आउन थालेपछि चहलपहल बढेको पाइन्छ । हालसम्म पञ्चकोटमा रु ५० करोड लगानी भइसकेको छ । पर्यटकलाई आकर्षण गर्न र धार्मिक संस्कृति संरक्षणका लागि थुप्रै संरचना बन्ने चरणमा छन् । पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकले पञ्चकोटमा घुइँचो बढ्न थालेको सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का अध्यक्ष दामोदर शास्त्री दाहालले जानकारी दिनुभयो ।

दैनिक तीन सयदेखि चार सयसम्म पर्यटक आउने गरेकामा बिदा तथा विभिन्न चाडपर्वका बेला करिब एक हजार दुई सय बढी पर्यटक पुग्ने उहाँको भनाइ थियो ।

"पञ्चकोटमा अहिले धेरै संरचना बन्ने चरणमा छन्, पहिले यहाँ आउने पर्यटक निकै कम भएकामा पछिल्लो समय प्रचार-प्रसार बढी भयो र देश-विदेशका पर्यटक आउने गरेका छन्, पर्यटक आउने दिन खाली हुँदैन, जहिले पनि आइराख्छन्", अध्यक्ष दाहालले भन्नुभयो, "बजार नजिकै भयो, सडक पनि राम्रै छ, त्यही भएर पनि पर्यटक आउन सहज भएको हो, बिदाका दिन सबैभन्दा बढी पर्यटकको आगमन हुन्छ, पर्यटन प्रवर्द्धन र कलश निर्माणका लागि आगामी फागुनमा नेपालकै सबैभन्दा ठूलो र पहिलो महायज्ञ गर्न थालेका छौँ, त्यसका लागि तयारी भइरहेको छ ।"

## कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिति २०८०/०८/२४ को विशेष बैठकको निर्णय अनुसार साविक **छायाँक्षेत्र पोलिक्लिनिक प्रा.लि.** (प्रा.लि. द.नं. ३१७२०६) मा रहेको सम्पूर्ण सम्पत्ति तथा कर दायित्व परिवर्तित नाम **छायाँक्षेत्र हेल्थकेयर प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

## कृषि विकास बैंक लि को जग्गा हकदावि गर्न आउने बारेको १५ दिने सूचना

**(सूचना प्रकाशित मिति २०८०/०९/१३)**

उपरोक्त सम्बन्धमा यस कार्यालयको कर्जा असुली प्रकियाको शिलशिलामा फापरथम गाविस २ बस्ने दिर्घ सिं को छोरा केश बहादुर गुरुङले कर्जा नतिरेकाले सो जग्गा बैंक आफैले मिति २०५७।०७।११ मा सकार गरेकोमा निजहरुले २०७१/११/१८ मा बैंकले लेना रकम सम्पूर्ण असुल उपर भैसकेकोमा निज केश बहादुर गुरुङको नाममा रहेको साबिक फापरथुम गा. वि. स.का तपसिल बमोजिमका जग्गाहरुको निजको हकवालाहरु निवेदक अमर बहादुर गुरुङ र निवेदकको भाउजु देवीमाया गुरुङको संयुक्त नाममा नामासारी गरिदिनुहुन भनि आँधिखोला गाँउपालिका वाड नं. ६ को कार्यालयवाट सिफारिस समेत आएकाले सो जग्गामा माथि उल्लेखित २ जना बाहेक अन्य कोहिको हकदावी लाग्ने भए प्रमाण सहित १५ दिन भित्रमा यस बैंकमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

| क्र. सं. | हालको जग्गाधनीको नाम | साविक जग्गाधनीको नाम ठेगाना | गाविस | जग्गाको विवरण कित्ता नं. क्षेत्रफल |
|---|---|---|---|---|
| १. | कृषि विकास बैंक लि. स्याङ्जा | केश बहादुर गुरुङ फापर थसम २, स्याङ्जा | फापरथुम वडा नं. २ | ६१४ ०–३–१–३<br>६६६ ०–८–३–३<br>७५८ ०–१–३–०<br>७६० ०–७–२ –३ |

**कृषि विकास बैंक लि.**
**शाखा, स्याङ्जा**

# महोत्सवमय गण्डकी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



'महोत्सवको पनि महोत्सव' भनिने लेखनाथ महोत्सव आठ दिनदेखि पोखरामा जारी छ । लेखनाथ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित उक्त महोत्सव १९औं संस्करणसम्म आइपुगेको हो। सातौं बागलुङ महोत्सव बुधबारदेखि सुरु भएको छ। बागलुङ उद्योग वाणिज्य सङ्घले चार वर्षपछि सो महोत्सव आयोजना गरेको हो।

अङ्ग्रेजी नयाँ वर्ष २०२४ को छेकोमा पोखरास्थित फेवा किनारमा आजदेखि सडक महोत्सव सुरु हुँदैछ। रेष्टुराँ एण्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराले आयोजना गरेको २५औं संस्करणको उक्त महोत्सव पाँच दिनसम्म चल्नेछ । पोखरा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित राष्ट्रिय औद्योगिक व्यापार मेलाले आफ्नो ३२औं संस्करण हालै पूरा गरेको छ। युनाइटेड युवा क्लब १२ औं संस्करणको पोखरा महोत्सव आयोजनाको सङ्घारमा जुटेको छ। पोखरा महोत्सव यही पुस २६ गतेदेखि माघ ८ गतेसम्म सञ्चालन हुनेछ। यही पुस १९ गतेदेखि स्याङ्जा आँधीखोला महोत्सव सुरु हुँदैछ। स्याङ्जा चेम्बर अफ कमर्सले आयोजना गर्ने उक्त महोत्सव आगामी माघ २ गतेसम्म चल्नेछ।

माघे सङ्क्रान्ति पर्व पारेर म्याग्दीको बेनी, बागलुङको जैमिनी र पोखराको ढुङ्गेसाँघुमा ठूलो मेला लाग्दैछ। यी मेला इतिहास र परम्परासँग जोडिएका छन् । चाडपर्वका याममा गाउँघरमा आयोजना गरिने स-साना मेला, उत्सवले पनि उस्तै रौनक थपिरहेका छन् । यसै पनि हिउँद मेला-महोत्सवको याम हो । दुई वर्षअघिसम्म कोभिड-१९ महामारीले मेला-महोत्सव ठप्प थिए । महामारी अन्त्यपछि मेला-महोत्सवको लहर नै चल्न थालेको हो। यस्ता मेला-महोत्सवको अगुवाइ गर्नेमा व्यवसायी र पर्यटनसम्बद्ध सङ्घसंस्था, स्थानीय क्लबलगायत छन्। स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको ध्येय राखेर महोत्सव हुने गरेका छन्। मुलुक आर्थिकमन्दीको मारमा परिरहेका बेला मेला-महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान बनाउन मद्दत पुग्ने गरेको व्यावसायिक क्षेत्रका अगुवा बताउँछन् । महोत्सवमा हुने किनमेल र बन्द व्यापारले थोरै भए पनि व्यवसायीले राहतको महसुस गर्न पाएका छन् । पोखरा महोत्सवको आयोजक युनाइटेट क्लबका अध्यक्ष राजु श्रेष्ठले पर्यटन प्रवर्द्धनका साथै आर्थिक गतिविधिमा मेला-महोत्सवले टेवा पुऱ्याउने बताउनुभयो । "महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान हुन्छ, दर्शकले पनि स्वस्थ मनोरञ्जनको लाभ लिन पाउँछन्", उहाँले भन्नुभयो, "कोरोना महामारी र आर्थिकमन्दीले थलिएको व्यवसाय क्षेत्रलाई थोरै भए पनि राहत पुगेको छ ।" महोत्सवबाट नाफाघाटा मात्र नसोचेर आयोजकले सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको उहाँले बताउनुभयो । विगतका महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, चिडियाखाना निर्माण र पर्यटन प्रवर्द्धनमा खर्च गरेको क्लबले यसपालिको महोत्सवबाट बचेको रकमलाई न्यून आय भएका परिवारका बालबालिकालाई लक्ष्य गरी आवासीय छात्रावास निर्माणमा खर्च उद्देश्य लिएको छ । लेखनाथ महोत्सवको प्रचारप्रसार उपसमितिका संयोजक उपेन्द्रराज सुवेदीले बुधबारसम्ममा उक्त महोत्सवमा झण्डै रु पाँच करोड दस लाख बराबरको कारोबार भएको बताउनुभयो । यही पुस ५ गतेदेखि चलिरहेको महोत्सवलाई हालसम्म दुई लाख १५ हजार बढी दर्शकले अवलोकन गरेको उहाँको भनाइ छ । आयोजकले महोत्सवबाट रु ९० लाख आम्दानी गर्ने र खर्च कटाएर रु दश लाख बचत गर्ने लक्ष्य लिएको छ। महोत्सवमा औद्योगिक उत्पादनको प्रदर्शनी, घरेलु तथा हस्तकला सामग्रीको प्रदर्शनी एवं बिक्री, शैक्षिक प्रदर्शनी, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्री कक्ष राखिएको छ । महोत्सवमा तीन सय ३४ व्यावसायिक कक्ष रहेको संयोजक सुवेदीले जानकारी दिनुभयो। जातीय वेशभूषा, संस्कृति झल्काउने मौलिक झाँकी तथा नाच प्रस्तुत गर्ने गरिएको छ। महोत्सवमा दैनिकरुपमा कलाकारको साङ्गीतिक प्रस्तुति भइरहेको छ। रमाइलो बाल उद्यान, प्रतिभा पहिचान, हाँस्यव्यङ्ग्य प्रहसन, कविता प्रतियोगिता, लोकदोहोरी प्रतियोगितालगायत लेखनाथ महोत्सवका आकर्षणका रुपमा रहेका छन् । यस्तै 'रेवान' पोखराले आयोजना गरेको सडक महोत्सवलाई लक्ष्य गरी फेवा किनारलाई सिँगारेर चिटिक्क पारिएको छ । 'सडकमै खाऔँ, सडकमै रमाऔँ' भन्ने आदर्श वाक्यसहित सुरु भएको सो महोत्सवलाई करिब पाँच लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको महोत्सवका संयोजक विश्वराज पौडेलले जानकारी दिनुभयो। विभिन्न जातजातिका सांस्कृतिक कार्यक्रम, मौलिक वेशभूषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाका परिकारको प्रदर्शन, लोकदोहोरी प्रतियोगिता, सडक नाटक, झाँकी प्रदर्शन, रात्रिकालीन 'कन्सर्ट'लगायत महोत्वका मुख्य आकर्षण हुन् । पोखराको पर्यटन विकास, प्रवर्द्धन र परिवर्तित समयमा पोखराको पर्यटनमा देखिएका अवसर र चुनौतीको विषयमा बहस कार्यक्रम पनि राखिएको आयोजकले जनाएको छ। स्वदेशी हस्तकला, चित्रकला, मूर्तिकला तथा कृषि, वनस्पतिलगायत कृषिउपजको प्रदर्शनीलाई पनि महोत्सवमा समेटिएको संयोजक पौडेलले बताउनुभयो । बुधबारदेखि सुरु भएको बागलुङ महोत्सवमा रु १० करोड बराबरको कारोबार हुने अनुमान गरिएको आयोजक बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो । यही पुस २१ गतेसम्म चल्ने महोत्सवको बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले शुभारम्भ गर्नुभएको थियो । उक्त महोत्सवमा एक सय २० व्यावायिक र ३० वटा प्रवर्द्धनात्मक कक्ष रहेको आयोजकले जनाएको छ। लोकदोहोरी, भलिबल, भजन प्रतियोगिता, युवा उद्यमी सम्मेलनलगायत कार्यक्रमलाई महोत्सवमा समेटिएको अध्यक्ष कँडेलले बताउनुभयो। महोत्सवबाट मौलिक संस्कृतिको संरक्षण र जगेर्नामा पनि योगदान पुग्न उहाँको भनाइ छ । जातजातिका मौलिक वेशभूषासहितका नाच र झाँकीले महोत्सवमा आकर्षण थप्ने गरेका छन् । लोपोन्मुख र दुर्लभ संस्कृति महोत्सवमा देखाउन आयोजक आफैँ पनि लालयित हुन्छन् । पैसा खर्चेर भएपनि त्यस्ता सांस्कृतिक नाच र झाँकीलाई आयोजकले महोत्सवमा ठाउँ दिइरहेका हुन्छन् । डढुवा दुर्छा लमजुङ तमु समाज, पोखराका सचिव कृपाकुमार गुरुङले पोखरामा हुने हरेक महोत्सवमा गुरुङ संस्कृति देखाउने गरिएको बताउनुभयो।

"मेला, महोत्सवले संस्कृति बचाउने काम गरेको छ, आयोजकले आमन्त्रण गरेको ठाउँमा हामी पुग्ने गरेका छौँ", उहाँले भन्नुभयो, "पहिचान, संस्कार र संस्कृतिसँग गाँसिएको कुरालाई मानिस रमाउँछन्, चासोपूर्वक लिन्छन् ।"

# न्युरोड युवा क्लबद्धारा विद्यार्थीलाई न्यानो स्वीटर वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस



न्युरोड युवा क्लबले महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई न्यानो स्वीटर वितरण गरेको छ।

उक्त कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ९ का अध्यक्षदिपेन्द्रमर्सानीको उपस्थितिमा वितरण गरिएको थियो । यो चिसो मौसममा स्वीटरको खाँचोमा परेका २२ जना विद्यार्थीलाई न्युरोड युवा क्लबले वितरण गरेको क्लबका अध्यक्ष वंशद सिंह खवासले बताए। सरकारी विद्यालयका विद्यार्थीहरुको शैक्षिक जीवनमा योगदान पुऱ्याउन न्यूरोड युवा क्लबले निरन्तर रुपमा विभिन्न सरकारी विद्यालयमा काम गर्ने योजना बनाएको अध्यक्ष खवासले बताए।

# दमौली अस्पताललाई छ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

व्यास नगरपालिका कार्यालयले दमौली अस्पताललाई रु छ लाख अनुदान उपलब्ध गराउने भएको छ । दमौली अस्पतालमा कार्यरत गाइनोलोजिष्ट र एनेस्थेसिस्टदुईजनाचिकित्सकलाई पारिश्रमिकबापत सो रकम उपलब्ध गराउन लागेको हो।

सुत्केरीको शल्यक्रिया सेवालाई निरन्तरता दिन चालु आर्थिक वर्षको छ महिना नगरपालिकाले अनुदान दिएर सहयोग गर्न लागेको व्यास नगरपालिकाका प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो । यही पुस २५ गते हुन गइरहेको ४०औं व्यास नगरसभासमक्ष उक्त प्रस्ताव पेस गर्ने निर्णय गरेको उहाँले बताउनुभयो। दमौली अस्पतालमा स्तरोन्नतिका लागि यसअघि पटक-पटक प्रदेश सरकारसँग अनुरोध गर्दै आए पनि स्तरोन्नति नभएकाले हालको अवस्थामा नगरपालिकाले अनुदान दिएर सेवालाई निरन्तर गर्न लागेको हो।

आव २०८०/८१ का लागि सडक बोर्डअन्तर्गतका रु एक करोड ३५ लाख ७२ हजार बराबरको प्रस्तावित कार्यक्रम स्वीकृतिका लागि सडक बोर्ड नेपालसमक्ष पेस गर्ने निर्णय गरेको छ। पुस ९ गतेदेखि निर्मल माध्यमिक विद्यालयमा सञ्चालित राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गरेकामा खेलाडी विद्यार्थीलाई हार्दिक बधाई एवं धन्यवाद ज्ञापन गरेको छ। व्यास नगरपालिकाअन्तर्गतका विद्यालयका विद्यार्थीले १५ स्वर्ण, एक रजत, १९ कास्यसमेत गरी २५ पदक प्राप्त गरी जिल्लामा प्रथम स्थान हासिल गर्न सफल फल भएको थियो .

# लमजुङमा ३१ औँ त्रिवेणी कप सुरु

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ पुस

गण्डकीप्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा आजदेखि ३१औं राष्ट्रव्यापी फुबटल खुल्ला त्रिवेणी कप सुरु भएको छ।

त्रिवेणी युवा क्लब बैंसीसहरको आयोजनामा बैंसीसहर नगरपालिका-७ सहजीस्थित त्रिवेणी रङ्गशालामा प्रतियोगिता सुरु भएको हो।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै गण्डकी प्रदेशसभा सदस्य तथा आयोजक क्लबका पूर्वअध्यक्ष भेषबहादुर पौडेलले खेलकुदको माध्यमबाट मुलुक समृद्ध बनाउन सकिने बताउनुभयो। त्रिवेणी रङ्गशालाको स्तरोन्नति र समग्र जिल्लाको विकासका लागि आफूले भूमिका खेल्ने उहाँको भनाइ थियो।

पौडेलले खेलकुदको माध्यमबाट जिल्ला र देशको नाम अन्तर्राष्ट्रियस्तरसम्म चिनाउन सक्ने भएकाले खेलकुद क्षेत्रको विकासका लागि स्थानीय प्रदेश र सङ्घ सरकारले उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

बैंसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले आफूले खेलकुद क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर अघि बढिरहेको बताउनुभयो । उहाँले त्रिवेणी रङ्गशालाको स्तरोन्नतिका लागि वर्सेनी सहयोग गर्दै आइरहेको भन्दै पालिकामा बजेट कम भएकाले उल्लेखनीय काम गर्न भने नसकिएको जनाउनुभयो।

क्लबका अध्यक्ष राजकुमार घिमिरेले क्लब स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष पुस १२ गतेदेखि यो प्रतियोगिता सञ्चालन गर्दै आइएको बताउनुभयो। उहाँका अनुसार काठमाडौं, पोखरा, चितवन, तनहुँसहितका २१ समूहको सहभागिता रहेको छ।

खेलअवधि भर ६० हजार बढी दर्शक आउने अपेक्षा गरिएको क्लबका अध्यक्ष घिमिरेले बताउनुभयो। आयोजकका अनुसार यस प्रतियोगितामा प्रथम हुनेले नगद रू आठ लाखसहित प्रमाणपत्र र कप प्राप्त गर्नेछन् । दोस्रो हुनेले रू चार लाखसहित प्रमाण पत्र र सान्त्वना हुने दुई समूहले रू एक/एक लाख र प्रमाण पत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । साथै प्रतियोगितामा सर्वोकृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई नगद रू २०/२० हजार दिइने छ।

# प्रधानमन्त्री कप क्रिकेट : एपिएफको छैटौँ जित

**रासस**
काठमाडौं, १२ पुस

प्रधानामन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा शसस्त्र प्रहरी बलको एपिएफ क्लबले गण्डकी प्रदेशलाई ५२ रनले पराजित गर्दै प्रतियोगितामा लगातार छैटौँ जित दर्ता गराएको छ।

प्रतियोगितामा ६ खेल खेलेको एपिएफले छ खेलमै जित निकाल्दै अङ्क तालिकाको शीर्ष स्थानमा रहेर प्लेअफमा स्थान बनाएको छ । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदान आज भएको दोस्रो खेलमा टस जितेर पहिला ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १२७ रनको योगफल बनायो। एपिएफका लागि ममता चौधरीले सर्वाधिक ४० रन बनाइन् । उनले ३३ बलमा ६ चौकाको मद्धतमा अविजित ४० रन बनाएकी हुन् । रोमा थापाले अविजित ३१ रन जोडिन भने सीता राना मगर १९, इन्दु बर्मा १० र ज्योति पाण्डेले ८ रन बनाइन्। गण्डकीका लागि ज्योत्सनिका मरासिनीले सर्वाधिक २ विकेट लिइन् भने कुसुम गोदारले १ विकेट लिइन्। एपिएफले दिएको १२८ रनको लक्ष्य गण्डकी २० ओभरमा ७ विकेट गुमाउँदै ७५ रनमा समेटियो। गण्डकीका लागि सृष्टि जैशी र सुमन खतिवडाले समान १७/१७ रन बनाए । त्यस्तै ज्योत्सनिका मरासिनीले १३ र सिर्जना पौडेलले ११ रन बनाए।

एपिएफका लागि नेरी थापाले सर्वाधिक ४ विकेट लिइन् भने सोनु खड्काले २ र करुणा भण्डारीले १ विकेट लिइन्। यो हारसँगै गण्डकीको शीर्ष ४ मा रहेर प्लेअफ खेल्ने सम्भावना समाप्त भएको छ। प्लेअफमा एपिएफसँगै कोशी, सुदूरपश्चिम र बागमती प्रदेशले स्थान बनाएका छन्।


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि, गण्डकी प्रदेश कार्यालय पोखराको, २१ दिने सूचना

**(सुचना प्रकाशन मिति २०८०/०९/१३)**

यस बैंकको तपसिलका कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्धारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**१. सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, स्याङ्जा।**

| क्र. स. | कर्जा ग्राहकको नाम/फर्म, प्रोपाइटरको नाम | ठेगाना | बाजे/ससुराकोको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८०।०९।०१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृपा फेन्सी स्टोर्स | पुतलीबजार ०१, स्याङ्जा | कृष्ण प्रसाद | कमल प्रसाद | ब्यापार | ७००,०००.०० | १२३,६५४.०१ | ८२३,४११.३३ | भगवति शर्मा |
| २ | सुरेन्द्र प्रसाद ढकाल | पुतलीबजार ०१, स्याङ्जा | गोपल प्रसाद | टिकाराम | ब्यक्तिगत ओ.डी | ४५०,०००.०० | ७२,८६७.७७ | ५२२,८६७.७७ | गोमादेबी ढकाल |

**कृषि विकास बैंक लि.**
**गण्डकी प्रदेश कार्यालय, पोखरा**